# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल

पत्र संख्याः- ०७७/०७८
चलानी नं. – ३४८०

मितिः- २०७७।१२।२४

विषयः सहभागी गराईदिने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा ।

प्रस्तुत विषयमा डाँडागाउँ खेलकुद विकास समिति, महालक्ष्मी नगरपालिका-३, धनकुटाको मिति २०७७/१२/१६ गतेको पत्रबाट डाँडागाउँ खेलकुद विकास समितिको आयोजनामा सञ्चालन हुने ***हरिराज खेवा*** ***स्मृती कप फुटवल तथा भलिवल प्रतियोगिता***को लागी महालक्ष्मी नगरपालिका, धनकुटाको सबै वडा कार्यालयहरुलाई सुचना गरिदिनुहुन भनी लेखि आएको हुँदा तपाईको वडाबाट सहभागि गराईदिनुहुन अनुरोध छ । साथै, उक्त खेलकुद प्रतिगोगिताको विस्तृत विवरणको छायाँकपी थान-२ (दुई) यसै पत्रसाथ सम्लग्न राखि पठाईएको व्यहोरा जानकारीको लागि समेत अनुरोध छ ।

वसन्त गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२६-६९१६८६,७०० प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
सुचना अधिकारी ९८५२०७०१२६ Email: mahalaxmimunjitpur@gmail.comWeb.http:// www.mahalaxmimundhankuta.gov.np

# डाँडागाउँ खेलकुद विकास समिति

## महालक्ष्मी नगरपालिका ३, धनकुटा

मिति:-२०७७।१२।१६

श्री वडा अध्यक्ष ज्यु
महालक्ष्मी नगरपालिका/गाउँपालिका

सम्पुर्ण वडा कार्यालयहरु

विषय:- सहभागी गराई दिनुहुन ।

उपरोक्त संम्बन्धमा यस महालक्ष्मी नगरपालिका वडा नं ३ को सहयोग र डाँडागाउँ खेलकुद विकास समितिको आयोजनामा सन्चालन हुने हरिराज खेवा स्मृती कप फुटवल तथा भलिवल प्रतियोगिताको लागी तपाईको वडाबाट सहभागी गराई दिनुहुन अनुरोध छ । सुचना यसै पत्रका साथ संलग्न छ ।

श्री प्रशासन शाखा
०७७।१२।१८

महालक्ष्मी नगरपालिका धनकुटा
दर्ता नं ६४१०
दर्ता मिति २०७७।१२।१८

शम्भु लिम्बुखीम

*बोधार्थ : महालक्ष्मी नगरपालिका, जितपुर, धनकुटा*

*तहाँ अन्तर्गतका सम्पूर्ण वडाहरुमा सुचनाका लागि सहयोग गरिदिनुहुन सादर अनुरोध छ ।*

खेल! अनुसासन !! गतिशिलता !!!

# हरिराज खेवा स्मृति कप २०७८

## अन्तर वडा स्तरीय पुरुष फूटबल तथा पुरुष भलिबल प्रतियोगि

यहि मिति २०७८ साल बैसाख १ गते देखि बैसाख ७ गते सम्म महालक्ष्मी नगरपालिका ३ न. वडा कार्यालयको सहयोग तथा डाँडा गाउँ खेलकुद विकास समितिको आयोजनामा संबिधानसभा सदस्य एवंम् पुर्व अर्थ राज्यमंत्री स्वर्गीय हरिराज खेवा को स्मृतिमा हुनगई रहेको हरिराज खेवा स्मृति कप फूटबल तथा भलिबल प्रतियोगिता निम्न अनुसार संचालन गरिने भएको हुदा सहभागिताको लागि बिनम्र अनुरोध गरिन्छ।

**तपशिल :**

| | | |
|---|---|---|
| फूटबल तर्फ :<br>• टिम संख्या (९+४), व्यवस्थापक १, प्रशिक्षक १ जम्मा= १५<br>• दर्ता सुल्क रु ७००० ( सात हजार मात्र ), कार्ड धरौटी बापत (रातो रु ५००, पहेलो रु३००)<br>पुरस्कारहरु<br>• बिजेता: नगद रु १५००००(एक लाख पचास हजार मात्र)<br>ट्रफी, मेडल र प्रमाण पत्र<br>• उप बिजेता : नगद रु ७५०००<br>(पचहतर हजार मात्र )<br>ट्रफी,मेडल र प्रमाण पत्र | | भलिबल तर्फ :<br>• टिम संख्या (६+३ ), व्यवस्थापक १, प्रशिक्षक १ जम्मा= ११<br>• दर्ता सुल्क रु५००० ( पाच हजार मात्र ), कार्ड धरौटी बापत (रातो रु ५००, पहेलो रु३००)<br>पुरस्कारहरु<br>• बिजेता: नगद रु १०००००(एक लाख मात्र)<br>ट्रफी, मेडल र प्रमाण पत्र<br>• उप बिजेता : नगद रु ५००००<br>(पचास हजार मात्र )<br>ट्रफी,मेडल र प्रमाण पत्र |

शर्तहरु :

- टिम दर्ता मिति : २०७७/१२/२० देखि २७ गते सम्म। (२८ गते बाट टिम दर्ता हुने छैन )।
- टिम दर्तागर्दा सम्बन्धित वडाको परिचय खुल्ने खेलाडीको परिचय पत्रसाथै वडा कार्यालयको सिफारिस अनिवार्य हुनु पर्ने छ। अन्यथा टिम दर्ता हुने छैन।
- खेल प्रचलित नियम अनुसार नकआउट को आधारमा संचालन हुनेछ।
- खेलाडी टिम को जर्सी, स्ट्राकिंग, प्याडर, बुट अनिवार्य हुनुपर्ने छ। (स्ट्राकिंग एकै रंगको हुनुपर्ने छ)।
- खेलमा कुनै पनि किसिमको विवाद आएमा आयोजक र अम्पायरको निर्णय नै अन्तिम हुनेछ।
- खेलाडी तथा टिमले खाने बस्ने व्यवस्था आफै गर्नु पर्ने छ।

- टिम दर्ता शुल्क नगद, ime, esewa मार्फत जम्मा गर्नु पर्ने छ | शुल्क जम्मा नभए सम्म दर्ता मान्य हुने छैन |
- सेमीफाईनल बाट बाहिरिने टिम लाइ फुटबल तर्फ रू १०००० (रू दश हजार मात्र) र भलिबल तर्फ रू ७००० ( सात हजार मात्र) प्रधान गरिने छ |
- प्रतियोगितामा धनकुटा जिल्लाका सम्पूर्ण वडाहरु र छिमेकि पालिकाहरु संखुवासभाको धर्मदेवी नगरपालिका, तेह्रथुमको लालिगुरास नगरपालिका र भोजपुरको अरुण गाउपालिका अन्तर्गतका वडाहरुलाई मात्र सहभागी गराईने छ |
- स्थान: डाँडा गाउँ खेलमैदान, थाम डाँडा
- टाईसिट प्रकाशन: २०७७/१२/३० बिहान १० बजे|

बिशेष सहयोग: आयोजक

महालक्ष्मी नगरपालिका ३ न. वडा कार्यलय धनकुटा
महालक्ष्मीन.पा.–३ , धनकुटा

डाँडा गाउँ खेलकुद विकास समिति

**सम्पर्क,** ( manapaward3@gamil.com ) अध्यक्ष : शम्भु लिम्बुखिम : ९८४५४९९०४६,सचिब: केशर गुरुङ : ९८४०९८७००२, युवराज थम्फरा : ९८४२०८३०३०